**निर्णय न १:**

यस कार्यपालीकाका सदस्य श्री राजु गुइदेल ज्यु प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएकोमा उहाँलाई यस बैठकबाट बधाई तथा शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय न २:**

यस वीरेन्द्रनगर नगरपालीकाको नगर सभाको दोस्रो बैठक मिती २०७४ साल फाल्गुन २६ गते जिल्ला समन्वय समितीको सभा हलमा बिहान ११:०० बजे शनीबारका दिन बस्ने निर्णय गरियो ।

**निर्णय न ३:**

सार्वजनिक सेवा तथा क्षमता विकास समिती,विधेयक समिती र वातावरण तथा विपद् व्यवस्थापन समितीमा आवश्यक छलफल भै यस बैठकमा पेश हुन आएको सार्वजनिक निर्माण कार्यको लागी घ वर्गको ईजाजत पत्र जारी,नविकरण,संशोधन,नामसारी र खारेजी सम्बन्धी निर्देशिका २०७४ लाई स्विकृतीका लागी आगामी बैठकमा पेश गर्ने र करार सेवा सम्बन्धमा तयार पारिएको निर्देशिका २०७४ र इको क्लव गठन,संचालन तथा व्यवस्थापन निर्देशिका २०७४ लाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय न ४:**

यस नगरलाई वातावरण मैत्रि बनाउने अभियानमा सघाउन निम्न कार्यक्रमलाई यस नगरपालीकाका तर्फबाट वातावरण मैत्री विशेष कार्यक्रम शिर्षक बाट निम्न रकम सहकार्य गर्ने निर्णय गरियो ।

**निम्न**

क) वि.न. पा ०६ राम मन्दिरमा सार्वजनिक शौचालय निर्माणका लागी पतन्जली योग समिती सुर्खेतलाई रु.१(एक) लाख मात्र ।

ख) वडा न १२ को खोरीया टोललाई धुवा रहित टोल निर्माण गर्न रु.१(एक) लाख मात्र ।

**निर्णय न ५:**

यस नगरमा वर्षातको समयमा बाढिका कारण बाटोघाटो ब्रिगन गई नगरकार्यपालीकाको निर्देशन बमोजिम सडक सफा तथा ग्राभेल गर्ने सम्बन्धी योजना र रातो किताबमा परेका अन्य योजनाहरुलाई प्रतिस्थापन गर्ने गरि वडाबाट सिफारीस भै आएको योजनाहरुलाई आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय न ६:**

यस वीरेन्द्रनगर नगरपालीकाको वडा न ११.सुब्बाकुना देखी वडा न १. टेम्पो पार्क सम्म रहेका पेट्रोल पम्पहरुमा अनिवार्य रुपमा महिला र पुरुष अलग अलग हुने गरि सार्वजनिक शौचालय निर्माण गर्न सम्बन्धीत पेट्रोल पम्पहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय न ७:**

यस नगरका नियमित गतिविधिहरुलाई संचार माध्यमबाट सार्वजनिक गर्ने उद्धेश्यले रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्न सुर्खेत स्थित संचार माध्यम सँग सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय न ८:**

चालु आ.व.को बजेट तथा कार्यक्रममा समावेश हुन छुट भएका तर वडा समितीले अत्यावश्यक भनी आफना वडा स्तरका आयोजनाहरुमा उल्लेखीत रकमबाट कटौती हुने गरि नयाँ आयोजना निर्माण गरि नगरपालीकामा शिर्षक संशोधनका लागी वडा समितीको निर्णय सहित पठाएमा रु.५ लाख सम्मका आयोजनाहरुको एकिकृत ल.ई. बनाई वडा समितीले अलग अलग उपभोक्ता समितीलाई वडा समितीको कार्यालयले सम्झौता गरि भुक्तानी गर्न सक्ने र सोको एकिकृत आर्थिक एंव भौतिक प्रतिवेदन नगर कार्यपालीका कार्यालयमा पेश गर्नुका साथै रु.५ लाख भन्दा ठुला आयोजनाहरु टुकाई उपभोक्ता समिती गठन नगर्ने निर्णय गरियो ।

**निर्णय न ९:**

घण्टाघर अगाडी रहेको खुला मन्चलाई हरियाली पार्कको रुपमा विकास गर्न आवश्यक भएकाले उक्त स्थानमा अन्य कुनै पनि किसीमको क्रियाकलाप गर्न नदिन र हरियाली पार्क निर्माण गर्न आवश्यक व्यवस्था मिलाउन र योजना निर्माण गर्नका लागी नगर प्रमुखको संयोजकत्वमा निम्न अनुसार सदस्य रहेको हरियाली पार्क निर्माण समिती गठन गर्ने निर्णय गरियो ।

**निम्न**

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सहसंयोजक |
| सार्वजनिक सेवा तथा क्षमता विकास समितीका संयोजक | सदस्य |
| आर्थिक विकास समितीका संयोजक | सदस्य |
| सामाजिक विकास समितीका संयोजक | सदस्य |
| पुर्वाधार विकास समितीका संयोजक | सदस्य |
| वातावरण तथा विपद समितीका संयोजक | सदस्य |
| विधेयक समिती समितीका संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत १ जना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय न १०:**

६.न.प्रदेश सरकारको मन्त्रालयहरुमा जाने सडक दिनानुदिन जिर्ण हुँदै गएको अवस्थामा वीरेन्द्रनगरको प्रतिष्ठामै आँच आउने स्थिती देखिएकाले सोको व्यवस्था गर्न मर्मत शिर्षकबाट खर्च गर्ने गरि तत्काल निम्न अनुसारका सडकहरुको मर्मत गर्ने निर्णय गरियो ।

**निम्न**

शिक्षा क्याम्पस चोक
शिक्षा होस्टेल अगाडी
बसपार्क उत्तर
हटिया तरकारी मण्डी अगाडी
हटिया मासु सेड अगाडी
आँखा अस्पताल
नेपाल टेलिकम
कोलेनिका चोक
DIG कार्यालय ठाडो लाईन
DIG माथिल्लो चोक
DIG माथिल्लो चोक
शिवालय चोक
इत्राम स्कुल
कोलेनिका चोक
प्रहरी चोक
प्रहरी चोक
प्रहरी चोक
धमला चोक
घण्टाघर न.पा./आचार्य चिया पसल

**निर्णय न ११:**

नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय,सहकारी विभागको च.न ७०६, मिती २०७४।१०।१४ गतेको प्राप्त पत्र अनुसार यस नगरपालीकामा जिल्ला सहकारी संघको समन्वय र स्थानीय सेवा उपयोगकर्ता सहकारी संस्थाहरुको सहभागीतामा शित भण्डार निर्माण तथा संचालन गर्न चालु आ.व. ०७४।०७५ मा रकम विनियोजन समेत भएकोमा सोका लागी उपयुक्त जग्गा खोजी सोको निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न १२ः**

नेपाल सरकार स्वास्थ्य मन्त्रालय,स्वास्थ्य सेवा विभाग,प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा बाट यस नगरपालीकाको माग बमोजिम वी.नं.पा १० र ११ मा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्न सहमती भएकाले उक्त स्थानमा शहरी स्वास्थ्य केन्द्र स्थापना तथा संचालन प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न १३ः**

नेपाल सरकार वन तथा भु:संरक्षण मन्त्रालय,वन विभागको च.न २५३,मिती २०७४।११।०३ गतेको प्राप्त पत्र अनुसार वीरेन्द्रनगर नगरपालीका क्षेत्रभित्र पर्ने काकेंविहार राष्ट्रिय वनको पश्चिम उत्तर तर्फ सुरक्षा चौकी रहेको स्थानमा वन क्षेत्रलाई असर नपर्ने गरि चिडियाखाना निर्माणको प्रकिया अगाडी बढाउन सहमति भईआएकोमा उक्त स्थानमा चिडियाखाना निर्माण प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १४:**

यस वीरेन्द्रनगर नगरपालिका अन्तर्गत रहेका विभिन्न शहरी स्वास्थ्य केन्द्रका लागि हे.अ. पद संख्या -२ (दुई), अ.न.मी. पद संख्या -४ (चार) को लागि करार सेवाबाट पदपुर्ती गर्ने सन्दर्भमा मिति २०७४ माघ १९ गते १५ दिनको म्याद दिई प्रथम पटक प्रकाशित सूचना बमोजिम यस अवधिमा विभिन्न सार्वजनिक विदा पर्न गएको हुंदा उक्त विज्ञापनको समयावधि मिति २०७४ फागुन ८ गते सम्मका लागि थप गर्ने निर्णय गरियो ।